नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३०    अंक ३४    २०७७ साल भदौं ११ गते बिहीबार (27 Aug 2020 Thursday)    मूल्य रु. ५/-
**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ बाट लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- चौध वर्ष उमेर नपुगेका नावालकले गरेको हानी नोक्सानी वापत निजको बाबु आमाले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- पशुले गरेको हानि नोक्सानी वापत पशु धनिले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- फोहोर मैला वा कुनै वस्तु फालेको कारणबाट कसैलाई हानि, नोक्सानी भएको हानि, नोक्सानी भएकोमा सम्बन्धित घर मुलीले दायित्व व्यहार्नु पर्ने,
- कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने,
- त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा विक्रि, वितरण गरेको कारण भएको क्षति वापत उत्पादकले दायित्व व्यहोर्नुपर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : भान्छामै पाइने सामग्री ... ३ पृष्ठमा : युरिया मल भित्रन शुरु, ... ३ पृष्ठमा : दुई करोड ४० लाख ...

## निषेधाज्ञाका बेला घर बाहिर ननिस्कन सम्झाएपछि किशोरले गरे आत्महत्या

**दैनिक समाचारदाता**
**राजविराज, १० भदौं ।**

कोरोना महामारी फैलिएको बेला तथा स्थानिय प्रशासनले गरेको निषेधाज्ञामा घर बाहिर ननिस्कन अभिभावकले सम्झाउँदा राजविराजमा एक किशोरले आत्महत्या गरेका छन् ।

राजविराज नगरपालिका वडा नं. ४ निवासी अरबिन्द साहका १४ वर्षिय छोरा कमलेशले घरको छानामा डोरीको पासो लगाई मंगलबार राती आत्महत्या गरेका हुन् ।

निषेधाज्ञाको समयमा साथीहरुसँग घुम्न निस्किने बानी परेका उनलाई मंगलबार अभिभावकले त्यसो नगर्न सम्झाएका थिए । उनी आङ्गनको छेउमा घरको बलोमा झुण्डिएपछि बुधबार बिहान मृत अवस्थामा फेला परेका थिए ।

स्थायिन म्याक्सल बोर्डिङ्ग स्कुलमा कक्षा ७ मा अध्ययनरत ती किशोरले अभिभावकले कोरोनाबाट जोगाउन बाहिर नजान दिएको सल्लालाई पनि मनन् गर्न नसकि गरेको आत्महत्याप्रति छरछिमेकका मानिसले समेत आश्चर्य व्यक्त गरेका छन् ।

यता घटना बारे प्रहरीलाई खबर गरेपछि जिल्ला प्रहरी कार्यालयबाट आएको टोलीले अनुसन्धान सुरु गरेको छ । प्रहरी टोलीले मुचुल्का उठाई कमलेशको शव पोष्टमार्टमका लागि गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याई आवश्यक अनुसन्धान गरिरहेको डिएसपी तिलक भारतीले बताए ।

## थप २० जना संक्रमित, ५ सय ४१ जना निको भए

**दैनिक समाचारदाता**
**राजविराज, १० भदौं ।**

सप्तरीमा वुधवार २० जना कोरोना संक्रमित भएको पुष्टि भएको छ । योसँगै सप्तरीमा कोरोना संक्रमितको संख्या ७५७ पुगेको छ ।

गजेन्द्रनारायण सिंह अस्पताल राजविराजले सार्वजनिक गरेको रिपोर्ट अनुसार राजविराज ४ का ३० वर्षिय पुरुष, हनुमाननगर कंकालिनी नगरपालिका १ का ५५, १५ र १४ वर्षिया महिला, ३५, २२, ६० र ४५ वर्षिय पुरुष वडा नं. १० का १७, ५४, १६, ३०, ६६, ४३, ५५ र ३० वर्षिय पुरुष, वडा नं. १२ का ३१, ३१ र ३८ वर्षिय पुरुष तथा वडा नं. २ का २५ पुरुषलाई कोरोना संक्रमण देखिएको स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

सप्तरीमा कुल संक्रमित मध्ये ५ सय ४१ जना उपचारपछि डिस्चार्ज भएका छन् ५ जनाको मृत्यु भएको छ ।

## नेकपा परित्याग गरि सयौंका संख्यामा जसपामा प्रवेश




**दैनिक समाचारदाता**
**राजविराज, १० भदौं ।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका स्थानिय नेकपाका नेता शिव मण्डल पार्टीले पार्टी परित्याग गरी जसपा पार्टीमा प्रवेश गरेका छन् ।

समाजिक दुरी कायम गर्दै बुधबार कोईलाडीमा आयोजित पार्टी प्रवेश कार्यक्रममा पालिकाको वडा नम्बर ४ कोईलाडी गाउका नेकपा माओवादी पार्टी र स्थानिय चुनावमा माओवादी पार्टीको

*बाँकी तीन पृष्ठमा*

**NOVEL CORONA VIRUS (nCOV)**
**सर्वसाधारणका लागि जनचेतनामुलक संदेश**

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**



ज्वरो
(१००.४°F भन्दा माथि)

श्वास प्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।


खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।


फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।


फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।


जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।


पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।


नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दु:ख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit
Prabhu Money Transfer
City Express
IME International Money Express
IME pay
himal remit हिमालरेमिट
CG Money
MoneyGram money transfer

## सम्पादकीय

# धानबालीमा लागेको किराप्रति निकायको ध्यान पुगोस्

कोरोना महामारीका बीच अहिले किसानहरु मलखादको अभावसँगै धान बालीमा लागेको किराको पीडामा चिन्तित देखिन्छन् । यसपटक वर्षा समयमै भएपछि कृषकहरुले धान पनि समयमै रोपेका थिए । तर, समयमै रोपाई सकिएपनि धान बाली लागेको गवारो किराका कारण उनीहरुको महिनेत पानीमा मिसिने डर समेत रहेको छ । धेरै वर्षपछि समयमा वर्षा हुनु र रोपाई पनि समयमै सम्पन्न भएपछि कृषकहरु निकै हर्षित देखिन्थे । तर, बाली राम्रो हुँदै गएपनि अचानक किराका कारण बाली जरैबाट सुक्न थालेपछि किसानहरु दुखी भएका छन् ।

सप्तरीका झण्डै ६० देखी ७० प्रतिशत बाली अहिले गवारो किराका कारण सुक्न थालेको छ । स्थानिय तहले समेत यसप्रति पहल गरेपनि खासै सफलता पाउन सकिरहेका छैनन् । यस पटक धान खेतीमा ह्रास आएमा किसानहरु पीडामा हुन्छ नै जनता पनि विदेशी चामलको मुख ताक्नु पर्ने अवस्था आउन सक्छ । यसका लागि अहिलेदेखी नै तीनै तहका सरकारले किसानहरुको गम्भिर समस्याप्रति सचेत हुनु आवश्यक छ । यसका लागि धान बाली विज्ञहरुले आवश्यक पहल चाल्नु पर्छ । र अब प्रदेश र संघीय सरकारले यसका लागि अहिलेदेखी नै समस्याको समाधानका निम्ति कदम समेत चाल्नु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# भान्छामै पाइने सामग्री कोरोनाको औषधि

काठमाडौँ, १० साउन (रासस) ।

आम नेपालीको भान्छामा दैनिक प्रयोग हुँदै आएका मसला कोरोना-१९ सँग लड्ने औषधिका रूपमा काम गर्न सकिने आयुर्वेद उपचार पद्धतिले देखाएको छ । भान्छामा दैनिक प्रयोगमा आउने सुठो, मरिच, पिप्ला, दालचिनी, अलैँची, असुरो, जेठी मधु, पुदिना, तुलसी, गुर्जोलगायत नियमित सेवनले कोरोनाोस्-१९ सँग लड्ने क्षमता वृद्धि गर्न आयुर्वेद उपचार पद्धतिले देखाएको हो ।

राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम केन्द्र कीर्तिपुरका कार्यकारी निर्देशक डा रामआधार यादवले भन्नुभयो, "हामीले भान्छामा प्रयोग गर्दै आएका सुठो, मरिच, पिप्ला, दालचिनी, अलैँची, असुरो, जेठी मधु, पुदिना, तुलसी, गुर्जोलगायत नियमित सेवनले शरीरमा रोग प्रतिरोधात्मक क्षमता बढाएर कोरोनाविरुद्ध लड्न सहयोग पुग्छ ।"

डा यादवका अनुसार जडिबुटीको प्रयोगले कोरोनाबाट बच्न सकिन्छ । विशेष गरी उमेर पुगेका पाका ज्येष्ठ नागरिक र दीर्घ रोगीलाई कोरोनाको जोखिम बढी हुने भएकाले गुर्जोको सेवन अमृत समान हुन्छ । गुर्जो ज्येष्ठ नागरिकमा रोगप्रतिरोधात्मक क्षमता बढाउँछ । "गुर्जो तीतो हुने हुँदा यसलाई सेवन गर्दा रक्तचाप घट्छ भन्ने आम धारणा छ, तर त्यो गलत हो" डा यादवले थप्नुभयो, "यसले उच्च रक्तचाप बढाउने वा घटाउने अनि मधुमेहलाई बढाउने कुनै पनि गर्दैन, रक्तचाप सही राख्न र मधुमेहका लागि उपयोगी छ ।"

कोरोना सङ्क्रमण हुँदा श्वासप्रश्वासमा अप्ठेरो पर्ने भएकाले यस्तो समस्या हुनै नदिन असुरोको पातको काँडा बनाएर सेवन गर्दा रोगसँग लड्ने क्षमता बढ्ने उहाँको अध्ययनले बताउँछ । "कोरोना पोजेटिभ देखिएका बिरामीसँग भौतिक दूरी कायम राखे हो, तर भावनात्मक दूरी नजिक हुनुपर्छ", डा यादवले भन्नुभयो, "सङ्क्रमितलाई ढाडस र साहस प्रदान गरेर बिरामीको सधैँ मनोबल उच्च राख्नुपर्छ ।" उहाँको रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु उत्तम हुने हुँदा फ्रिजमा राखेको खानेकुरा नखाने, सकेसम्म ताजा बनाएर खाने बानी बसाल्ने, भान्छा प्रयोग हुने ७० प्रतिशतभन्दा बढी मसलामा औषधिजन्य गुण हुने भएकाले त्यसको प्रयोग गर्ने आदि गर्नुपर्ने उहाँको सुझाव छ ।

कोरोना महामारीपछि स्यानिटाइजरको प्रयोग व्यापक बनेको छ । तर, घर र कार्यालय जहाँ साबुन पानी पाइन्छ । त्यस्ता ठाउँमा स्यानिटाइजर प्रयोग गर्नुभन्दा सकेसम्म साबुन पानीले हात धुने बानी बसाल्नु उपयुक्त हुने डा यादवको सुझाव छ । क्रियाशील पत्रकार महिला (डब्लूडब्लूजे)ले बेलायतको बर्नमाउथ विश्वविद्यालयको सहयोगमा आयोजना गरेको कार्यक्रममा डा यादवले आयुर्वेद वैज्ञानिक विधि भएको र त्यसको प्रयोग गर्नु उपयुक्त हुने बताउनुभएको हो ।

डा यादवका अनुसार हालसम्म कीर्तिपुर अस्पतालमा २९६ जना बिरामी आएकामा २०९ जनाको पीसीआर परीक्षणमा पोजेटिभ देखिएको छ । पोजेटिभ देखिएका बिरामीलाई पुनः एक सातापछि अर्को परीक्षण गराउने गरिएको छ । त्यसमध्ये ठीक भएर नेगेटिभ रिपोर्ट आएर १८४ जना घर फर्किसकेका छन् । डब्लूडब्लूजेका अध्यक्ष अमिका राजथलाले आयुर्वेदको प्रयोगले चीनमा पनि कोरोना नियन्त्रणमा ठूलो भूमिका निभाएकाले नेपालमा पनि यसको प्रयोग गरी फाइदा लिन सकिने उद्देश्यले कार्यक्रमको आयोजना गरेको सुनाउनुभयो ।

# 'कोभिड-१९ को खोप आगामी वर्षको शुरुसम्ममा बन्ने'

काठमाडौँ, १० भदौ (रासस) ।

विश्व स्वास्थ्य सङ्गठनको नेपालस्थित कार्यालयका प्रतिनिधि जोस भ्यानडिलिएरले विश्वमा कोभिड-१९ को खोप आगामी वर्ष (सन् २०२१) को शुरुसम्ममा बन्ने विश्वास व्यक्त गर्नुभएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमसँग कोभिड-१९ को अवस्था र बच्ने उपायका बारेमा कुराकानी गर्दै उहाँले धेरै देशले खोपको अध्ययनमा लागेकाले त्यो सफल हुने धारणा राख्नुभएको छ । रसिया, चीनलगायत देशमा खोपको परीक्षण अन्तिम चरणमा रहेको उहाँको भनाइ छ । खोप आइसकेपछि त्यसले कति समयमा र कसरी काम गर्छ भनी यकिन हुने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "खोपको डोज कति चाहिन्छ, पर्याप्त संरक्षण गर्छ गर्दैन, त्यसले कति समयसम्म काम गर्छ भन्ने हेर्नुपर्छ ।"

खोप तयार हुँदा दुई ठूलो परिमाणमा तयार हुने र पहिलो चरणमा जोखिममा रहेका समुदायले पाउने उहाँको भनाइ छ । पहिलो चरणमा स्वास्थ्यकर्मी, अरू रोग भएका व्यक्ति पछि मात्रै सर्वसाधरणसम्म त्यो खोप पुग्नेछ । खोप सबै देशले पाउने उहाँले विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "विकास भएको खोप गरिब देशले पनि सहुलियतमा वा निःशुल्क पाउने प्रणाली रहेको छ ।" भाइरस थुकलगायत छिटाबाट सर्ने हुँदा त्यसबाट जोगिएर रोगबाट बच्न सकिने उहाँको धारणा छ । मास्कको प्रयोग गरेर र अरू व्यक्तिसँग दूरी कायम गर्नुपर्ने उहाँको सुझाव छ ।

नेपालमा स्वास्थ्यकर्मीलाई भइरहेको नराम्रो व्यवहारका कारण कुनै दिन अस्पतालमा डाक्टर र नर्स नहुन सक्नेतर्फ उहाँले सबैलाई सजग गराउनुभएको छ । कसैले पनि आफूलाई सङ्क्रमण नहोस् भन्ने चाहेको भन्दै उहाँले स्वास्थ्यकर्मीलाई दोष लगाउन नहुने बताउनुभयो । उहाँका अनुसार आफू जोखिममा रहेर पनि नियमित रूपमा उपचारमा संलग्न हुने स्वास्थ्यकर्मीलाई सबैले सम्मान गर्न खाँचो छ । विश्वका सबै देशमा सङ्क्रमितको उपचारमा अग्रपङ्तिमा रहेर उपचारमा संलग्न हुने भएकाले स्वास्थ्यकर्मी बढी जोखिममा रहने उहाँको भनाइ छ । सबै व्यक्तिको कल्याण स्वास्थ्यकर्मीमा निर्भर रहने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "कोभिड र त्यसबाहेकका अरू रोगको उपचारका लागि स्वास्थ्यकर्मी नै चाहिन्छ ।"

# लक्षण नभएका र सामान्य अवस्थाका बिरामीलाई अस्पतालमा नराख्न निर्देशन

काठमाडौँ, १० भदौ (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना भाइरस (कोभिड १९)को सङ्क्रमितमा लक्षण नभएका र सामान्य अवस्था भए बिरामीलाई घर पठाउन निर्देशन दिएको छ । मन्त्रालयको स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्रले सातवटै प्रदेशका सामाजिक विकास मन्त्रालय र सबै कोभिड-१९ अस्पताललाई पत्र लेख्दै कोभिड-१९ का लक्षण नभएका र सामान्य अवस्थाका सङ्क्रमितलाई पीसीआर परीक्षण गरी बढीमा १४ दिनभित्र घर पठाउन निर्देशन दिएको मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले जानकारी दिनुभयो ।

"केन्द्रले कोभिड-१९ को लक्षण नभएको र सामान्य अवस्थाका बिरामीलाई १० दिनमा पीसीआर गरी डिस्चार्ज गरेर घर पठाउन निर्देशन दिएको छ", उहाँले भन्नुभयो, "यही १० दिनमा सङ्क्रमण पुनः देखिएका १४ दिनभित्र पीसीआर परीक्षण नगरिकन डिस्चार्ज गर्न प्रदेश मन्त्रालयलाई र सबै कोभिड-१९ अस्पतालाई निर्देशन पुनः दिइएको छ ।"

मन्त्रालयले १४ दिनभन्दा बढी लक्षण नभएका र सामान्य अवस्थाका सङ्क्रमितका बिरामीलाई अस्पतालमा नराख्न निर्देशन दिइएको हो । मन्त्रालयका प्रवक्ता डा गौतमले १४ दिनभन्दा बढी राखेमा सरकारले सोध भर्ना नगर्नेसमेत जानकारी दिनुभयो । नेपालमा अहिलेसम्म ३४ हजार ४१८ जना सङ्क्रमित फेला परेकोमा १४ हजार ७३९ जना सक्रिय सङ्क्रमित रहेका छन् भने १९ हजार ५०४ जना निको भएर घर फर्किसकेका र १७५ जनाको सङ्क्रमणको कारणले निधन भइसकेको छ ।

# स्थानीय तहका कर्मचारी सरुवा नगर्न आग्रह

काठमाडौँ, १० भदौ (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना भाइरस (कोभिड-१९)को महामारी भइरहेको बेला स्थानीय तहका कर्मचारीलाई कहीँकतै सरुवा नगर्न सङ्घीय तथा सामान्य प्रशासन मन्त्रालयले अनुरोध गरेको छ ।

मन्त्रालयका उपसचिव प्रमोद सिङ्खडाले सामान्य प्रशासन मन्त्रालयलाई पत्र लेख्दै कोभिड-१९ को महामारीमा स्थानीय तहमा रहेका स्वास्थ्यकर्मीलाई जहाँ छन्, त्यहीँबाट कामकाजको व्यवस्था मिलाउन सबै स्थानीय तहका पत्रचार गर्न अनुरोध गरेको जानकारी दिनुभयो ।

गत चैतमा सामान्यले पनि कोभिड-१९ को सङ्क्रमण र विस्तारलाई रोक्नका लागि 'हाल समायोजन भई कार्यरत रहेका सङ्घ, प्रदेश र स्थानीय तहका स्वास्थ्यकर्मीलाई समायोजन/पदस्थापना भएको स्थानमा जान रमाना रोकी कार्यरत निकायबाटै तलब भत्ता खाने गरी कामकाज मिलाउने' निर्णय गरेको थियो ।

सोहीअनुसार स्वास्थ्य मन्त्रालयले सामान्यलाई पत्र लेख्दै कात्तिक मसान्तसम्मका लागि स्थानीय तहमा जो जहाँ छन् त्यहीँबाट कामकाज गर्ने व्यवस्था मिलाउन स्थानीय तहलाई पत्राचार गर्न अनुरोध गरेको छ ।

# प्रदेश नं २ मा २४६ नयाँ संक्रमित

जनकपुर, १० भदौं (रासस) ।

प्रदेश नं २ मा पछिल्लो २४ घण्टामा २४६ नयाँ सङ्क्रमित थपिएका छन् । प्रदेशका सामाजिक विकास मन्त्रालयको तथ्याङ्कअनुसार सो अवधिमा सिरहामा दुई, धनुषामा ३३, महोत्तरीमा २०, सर्लाहीमा ७०, रौतहटमा १३, बारामा ५३ र पर्सामा ५४ जना नयाँ सङ्क्रमित थपिएका हुन् ।

यसका साथै, अब सङ्क्रमितको सङ्ख्या नौं हजार ४२७ पुगेको छ । सोमध्ये बुधबार १२८ जना उपचारपछि घर फर्केका छन् । यस प्रदेशमा अहिलेसम्म चार

*बाँकी अन्तिम पृष्ठमा*

# युरिया मल भित्रन शुरु, एक हप्ताभित्र वितरण सहज हुने

काठमाडौँ, १० भदौ (रासस)।
सरकारले धानका लागि आवश्यक पर्ने रासायनिक मल युरिया नेपाल भित्रन शुरु भएको छ। साल्ट ट्रेडिङ लिमिडेटमार्फत युनाइटेड अरब इमिरेट (युएई)बाट ३२ हजार ५०० मेट्रिक टन युरिया भारतको कलकत्ता हुँदै मल ल्याउन थालिएको हो। कृषि तथा पशुपक्षी मन्त्रालयका प्रवक्ता डा हरिबहादुर केसीले जानकारी दिनुभयो।

अहिले मल युएइबाट ल्याई भारतको कोलकत्तास्थित बन्दरगाहमा राखिएको छ। सो मललाई कोलकत्ताबाट वीरगञ्ज र विराटनगर हुँदै नेपालमा ल्याउन थालिएको हो। उहाँका अनुसार मङ्गलबारदेखि नेपालमा मल नेपाल आउन थालेको छ। हिजोमात्र तीन हजार मेट्रिकटन मल नेपाल भित्रिएको हो। वीरगञ्जबाट दुई हजार ५०० मेट्रिकटन र विराटनगरबाट ५०० मेट्रिकटन नेपाल आएको उहाँले बताउनुभयो। उक्त मल प्रदेश नं १ बाहेक सबै प्रदेशमा वितरण गरिने उहाँले जानकारी दिनुभयो।

वीरगञ्जमा रेलमार्फत २७ हजार ५०० मेट्रिकटन र विराटनगर ट्रकमार्फत पाँच हजार मेट्रिकटन मल कोलकत्ताबाट आउँदैछ। "एक दिन बिराएर अब भोलिदेखि एकपटकमा दुई हजार ५०० मेट्रिकटन मल नियमति वीरगञ्ज आउनेछ", उहाँले भन्नुभयो, "विराटनगरबाट भने कोलकत्ताबाट ट्रकमा मल आउनेछ।" करिब १५ दिनमा नेपालमा ल्याउन थालेको मल सबै आइपुग्दछ। उहाँले मल आउन थालेपछि हप्ता दिनमा मल सबै किसानले सहज पाउने बताउनुभयो। यसरी आएको मल साल्ट ट्रेडिङ लिमिटेडका डिपोबाट कृषकलाई वितरण हुनेछ।

धान रोपाइँ गरेपछि दुईपटक युरिया मल हाल्ने गरिन्छ। एकपटक धान रोपेको एक महिनापछि र अर्कोपटक बाला निस्कने बेलामा मल हाल्ने गरिन्छ। धान रोप्नेबेला भने पोटास र डिएपी मल हालिन्छ। नेपालमा मल आएसँगै करिब १० लाख कृषकले धानमा मल प्रयोग गर्न पाउनेछन्। कोलकात्ताबाट वीरगञ्जसम्म रेलमा आउने छ र त्यहाँ सुख्खा बन्दरगाहाबाट नेपालका विभिन्न साल्ट ट्रेडिङका डिपोमा पुऱ्याइनेछ।

अहिले ल्याउन थालिएको मलले यो वर्ष रोपिएका सबै धानलाई पुग्ने मन्त्रालयका प्रवक्ता डा केसीले बताउनुभयो। "केही किसानले जेठ महिनामा वितरण गरिएको मल परी मौज्जाद राखेका छन्। पहाडका किसानले गोबर र कम्पोष्ट मल प्रयोग गर्दछन्", उहाँले भन्नुभयो, "त्यसैले अहिले ल्याउन थालिएको मल रोपिएका धानलाई प्रशस्त पुग्दछ।"

कोभिड-१९ को ले गर्दा सबै मानिस आफ्नो घर गएकाले यस वर्ष सबैभन्दा धेरै ९८ प्रतिशत रोपाइँ भएको छ। यस वर्ष करिब मन्त्रालयका अनुसार १३ लाख ४७ हजार हेक्टर जमिनमा धान रोपाइँ भएको छ। नेपालमा वर्षेनी सैद्धान्तिक हिसाबले डिएपी, पोटास र युरिया गरी करिब आठ लाख मेट्रिकटन मल आवश्यक रहेको छ। व्यावहारिकरुपमा साढे पाँच लाख मल वर्षेनी चाहिने मन्त्रालयका प्रवक्ता डा केसीले बताउनुभयो। नेपालमा वर्षेनी दुईदेखि तीन लाख मेट्रिकटन मल आयात हुने गरेको छ। उहाँले हाइब्रिड खालका धान, मकै र आलुलाई मात्र रासायनिक मल आवश्यक हुने र अन्यका लागि यहीकै स्थानीय कम्पोष्ट र गोबर मल चाहिने बताउनुभयो।

## बारामा चार सङ्क्रमितको मृत्यु

कलैया, १० भदौ (रासस)।
कोरोना सङ्क्रमणबाट बारामा पछिल्लो २४ घण्टामा चार जनाको मृत्यु भएको छ। सङ्क्रमण भई गण्डकस्थित कोभिड अस्पतालमा उपचारका क्रममा चार जनाको ज्यान गएको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्ता डीएसपी गौतम मिश्रले जानकारी दिनुभयो।

बिहान दुई जना र राति दुई जनाले ज्यान गुमाएका हुन्। राति ज्यान गुमाउनेमा कलैया उपमहानगरपालिका-१ का ७० वर्षीय वृद्ध विश्वनाथप्रसाद जैसवाल र विश्रामपुर गाउँपालिका १ छतवाका ४२ वर्षीय अशोकप्रसाद यादव रहेको डीएसपी मिश्रले बताउनुभयो। बिहान सुवर्ण गाउँपालिका-५ औरैयाका ७२ वर्षीय धुपलाल यादव र महागढीमाई नगरपालिका-४ का ५९ वर्षीय गेनाप्रसाद साहको मृत्यु भएको थियो। मृतक चारजनाको स्वास्थ्यमा समस्या देखिएपछि कोरोना परीक्षण गरिएको थियो। कोरोनो पोजेटिभ देखिएपछि उपचाररत रहेका उनीहरूको अस्पतालमै ज्यान गएको हो।

योसँगै बारामा कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या १४ पुगेको छ। बारामा बुधबारसम्म सक्रिय कोरोना सङ्क्रमितको सङ्ख्या ४१६ रहेको छ। सङ्क्रमितमध्ये ८२ जना कलैयास्थित गड्गापुर आइसोलेसन केन्द्रमा छन् भने ३१९ जना घरमै छुट्टै बस्दै आएका छन्। सङ्क्रमण भई उपचारपश्चात बारामा हालसम्म २९० जना घर फर्किसकेका छन्। बुधबार मात्रै बारामा २३ जना सङ्क्रमित थपिएका छन्। चार जनाको मृत्युसँगै जिल्लामा सुरक्षा व्यवस्था कडा पारिएको छ।

### नेकपा परित्याग ...

तर्फका वडा अध्यक्षका प्रत्यासी शिव मण्डल सहित स्थानिय सयौ नेता तथा कार्यकर्ता जसपामा प्रवेश गरेका हुन्।

नव प्रवेशीहरूलाई राष्ट्रिय सभा सदस्य तथा जसपा केन्द्रीय कार्यकारणी सदस्य मृगेन्द्र कुमार सिह यादवले फुलमाला लगाई पार्टी प्रवेश गराएका थिए।

सो अवसरमा पुर्वमन्त्री समेत रहेका मृगेन्द्र यादवले जसपा पार्टी मुलुकको पहिलो पार्टी बिश्वास ब्यक्त गर्दै जसपा पार्टीमा लाग्न सबैलाई आग्रह समेत गरे। उनले भने मधेशीलाई पहाड, हिमालको सम्पुर्ण उत्पिडन जातजातीको हक अधिकारलाई लड्ने एक मात्र बैकल्पिक शक्ति भएको पार्टीलाई सहयोग गर्नुपर्ने जिकिर गरे।

सो अवसरमा जनता समाजवादी पार्टीका जसपा नेता जय प्रकाश ठाकुर, जिसस सप्तरीका सभापति प्रभाकर यादव, रूपनी गाउँपालिका अध्यक्ष हरेराम यादव, युवा नेता दिनेश यादव, बिनोद यादव, स्थानिय नेता अजित सिंह, निरज मुक्ति, बिधार्थी नेता शम्भु यादव, हनुमाननगर कंकालनी नपाका स्थानिय नेता धर्म नारायण राय, जोगेश्वर राय, माधव राय, युवा नेता मनोज झा, बिरेन्द्र सिंह, उपेन्द्र साह, जसपा नेता सुनिल झा, जसपा युवा नेता सुरजित सिहलगायतको उपस्थिति रहेको थियो।


## हमरा सभक ऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिंकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिंकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसुपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहुके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देबवाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

अनुरोधकर्ता - मनोज बहरखेर
अध्यक्ष
तिरहुत गाउँपालिका, सप्तरी


# विश्व समाचार

## दुई करोड ४० लाख संक्रमित, आठ लाख २३ हजारको मृत्यु

पेरिस, १० भदौ (रासस/एएफपी)।
विश्वभर महामारीका रुपमा फैलिएको कोरोनाभाइरसबाट हालसम्म दुई करोड ४० लाखभन्दा बढी मानिस सङ्क्रमित भएका भएका छन्। विश्व स्वास्थ्य संगठनका अनुसार कोरोना सङ्क्रमणबाट विश्वभर आठ लाख २३ हजारभन्दा बढीको मृत्यु भइसकेको छ। पछिल्लो चौबीस घण्टामा दुई लाख ४८ हजारभन्दा बढी मानिस कोरोनाबाट सङ्क्रमित भएको पाइएको छ। कोरोना सङ्क्रमणबाट सबैभन्दा बढी प्रभावित मुलुकहरुमा संयुक्तराज्य अमेरिका, ब्राजिल, भारत, रसिया लगायत रहेका छन्।

## सिरिया, इराकमा १० हजारभन्दा बढी इस्लामिक स्टेटका लडाकू सक्रिय : राष्ट्रसंघ

संयुक्तराष्ट्र संघ, १० भदौ (रासस/एपी)।
सिरिया र इराकमा इस्लामिक स्टेट समूहका १० हजारभन्दा बढी लडाकू सक्रिय रहेको राष्ट्रसंघीय प्रतिआतंकवादी प्रमुखले बताउनुभएको छ। अमेरिका समेतका बहुराष्ट्रिय सेनाको सहयोगले दुई वर्षअघि आतंकवादी संगठन इस्लामिक स्टेट परास्त भएको घोषणा गरिएको थियो। राष्ट्रसंघीय सुरक्षा परिषदमा प्रतिआतंकवादी प्रमुख भ्लादिमिर भोरोनकोभले दुई देशमा इस्लामिक स्टेटका लडाकू स्वतन्त्र रुपमा घुमफिर गरिरहेको जानकारी दिनुभयो।

उहाँले इस्लामिक स्टेटले धेरै स्थानमा पुनः संगठित हुन थालेका र उनीहरुका क्रियाकलापहरु द्वन्द्वग्रस्त मुलुकहरु इराक र सिरिया मात्र नभई क्षेत्रीय आतंकवादी संगठनहरुसँग साँठगाँठ गर्न थालेको बताउनुभयो।

उहाँले भन्नुभयो, "तथापि गैर-द्वन्द्वग्रस्त क्षेत्रमा छोटो समयका लागि उनीहरुको प्रभाव कमै देखिएको छ। कोरोनाभाइरस रोक्न लकडाउन र अन्य प्रतिबन्धात्मक व्यवस्थाले मानिसको हिँडडुलमा कडाई गरिएका कारण आतंकवादी हमलाहरु न्यून भएका छन्।"

उहाँले कोभिड-१९ संकटका कारण आतंकवादको त्रासलाई समाप्त गर्न चुनौती खडा भएको चर्चा गर्दै कोभिड-१९ को आडमा सिर्जित सामाजिक-आर्थिक र राजनीतिक संकटबाट इस्लामिक स्टेट र अन्य आतंकवादी समूहहरुले फाइदा उठाउन सक्ने बताउनुभयो।

भोरोनकोभले कोरोना महामारीबाट सिर्जित असरले आतंकवादी समूहमा भर्ना र रकम उठाउने कार्यहरुमा के प्रभाव परेको छ भन्ने स्पष्ट भइनसकेको बताउँदै इस्लामिक स्टेटका नेता अबु इब्राहिमको नेतृत्वमा संगठनको रणनीतिका दिशामा कुनै परिवर्तन आएको वा नआएको बारेमा स्पष्ट भइनसकेको बताउनुभयो।

पश्चिम अफ्रिकामा इस्लामिक स्टेटमा आबद्ध करिब ३ हजार ५०० लडाकू सक्रिय रहेको र त्यसबाट क्षेत्रीय शान्तिमै खतरा उत्पन्न भइरहेको भोरोनकोभले बताउनुभयो। लिबियामा सानो संख्यामा सक्रिय इस्लामिक स्टेटले स्थानीय जातीय तनावलाई आफ्नो पक्षमा उपयोग गर्न प्रयास गरिरहेको उहाँको भनाइ छ।

उहाँले अन्तर्राष्ट्रिय समुदायले इस्लामिक स्टेटबाट सिर्जित चुनौती नियन्त्रणमा ल्याउन समयमै ध्यान नदिए विश्वभर नै यसले समस्या खडा गर्न सक्ने चेतावनी दिनुभयो। राष्ट्रसंघका लागि अमेरिकी राजदूत केल्ली क्राफ्टले राष्ट्रसंघका जायज चासोलाई सम्बोधन गर्न अमेरिकी प्रशासन तत्पर रहेको बताउँदै इराक र सिरियामा नियन्त्रणमा रहेका विदेशी लडाकू र उनीहरुका परिवारका सदस्यका कारण इस्लामिक स्टेटको पुनरुत्थान हुने परिस्थिति रोक्न अमेरिका सचेत रहेको पनि स्पष्ट गर्नुभयो।

राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले अन्तर्राष्ट्रिय कानुनको कार्यान्वयन गर्न तथा इराक र सिरियाको गृहयुद्धका कारण अलपत्र परेका महिला, पुरुष र बालबालिकालाई आ-आफ्ना मुलुक फर्काउन आग्रह गर्नुभयो। राष्ट्रसंघका लागि रुसी राजदूत भास्सिली नेबेन्जियाले इस्लामिक स्टेटबाट सिर्जित विश्वव्यापी आतंक उच्च तहमा अझै रहेको र त्यसको नेतृत्वले सिरिया र इराकबीचको सीमावर्ती क्षेत्रमा आतंकवादी हमलाहरु गर्न योजना बनाइरहेको बताउनुभयो।

## भाइरस र आँधी विरुद्ध तयार रहन उत्तर कोरियाका नेताको आह्वान

सोल, १० भदौ (रासस/एपी)।
उत्तर कोरियाका नेता किम जोङ अनले कोरोनाभाइरस र आँधी विरुद्ध लड्न तयारी अवस्थामा रहन सबैलाई आह्वान गर्नुभएको छ। तेस्रो उच्चस्तरीय सम्मेलनमा निकै कमै सहभागी हुने नेता अनले देशमा कोरोनाभाइरसको सङ्क्रमणले महामारीको रुप लिने खतराको संकेत देखिएको भन्दै तयारी अवस्थामा रहन अपिल गर्नुभएको हो।

उहाँले बिहीबार देशमा आँधी आउने पुर्वानुमान समेत गरिएको जानकारी पनि मंगलबार दिनुभएको थियो। सत्तारुढ दल वर्कर्स पार्टीको सो बैठकमा उहाँले अनपेक्षित चोट पुग्न सक्ने चिन्ता पनि व्यक्त गर्नुभएको थियो। दुवैका विरुद्धमा सरकारले पनि आफ्नो तर्फबाट तयारीहरु गरिरहेको उहाँले बताउनु भएको उत्तर कोरियाको आधिकारिक समाचार संस्थाले बुधबार समाचार संप्रेषण गरेको छ।

उहाँले आँधीका कारण हुने क्षती न्युनिकरणका लागि तत्काल पर्याप्त तयारी र प्रयासहरु गर्न पनि आग्रह गर्नुभएको छ। अत्यधिक बर्षा र बाढीका कारण ठूलो क्षती भएको एक हप्तामै उत्तर कोरियामा अर्को क्षती हुनेगरी आँधी आउन लागेको हो।

दुवै घटनाले देशको अर्थतन्त्रमा धेरै नकारात्मक असर पर्ने पनि नेता किमले चिन्ता व्यक्त गर्नुभएको समाचारमा जनाइएको छ। कोरोना र आँधीसँग जुध्नका लागि सबै तह र क्षेत्रमा पार्टी र सरकारको तर्फबाट विभिन्न संयन्त्रहरु बनाउन पनि उहाँले निर्देशन दिनुभएको छ।

# तत्कालिन समाजवादी बुथ सभापति काँग्रेसमा प्रवेश



**दैनिक समाचारदाता**
**राजविराज, १० भदौं ।**
तत्कालिन समाजवादी पार्टीका बुथ सभापति देवराम यादव नेपाली काँग्रेसमा प्रवेश गरेका छन ।

बुधबार विष्णुपुर गाउँपालिकामा आयोजित एक कार्यक्रममा काँग्रेस सप्तरीका सभापति दिनेश कुमार यादवले अबिर र माला लगाएर उनलाई स्वागत गरे ।

सो अवसरमा सभापति यादवले मेधशको हीत गर्ने बास्तविक पार्टी काँग्रेस नै भएको दाबी गर्दै अन्य दलमा लागेकाहरलाई पनि काँग्रेसमा आउन आग्रह गरे ।

नवप्रवेशी यादवले रापजा र समाजवादी बीच एकता भएपनि भावनात्मक एंव व्यबहारिक एकता नभएकाले सो पार्टी परित्याग गरेको बताए । उनी तत्कालिन समाजवादी पार्टीका तर्फबाट विष्णुपुर गाउँपालिका ६ का बुथ सभापतिको जिम्मेवारीमा थिए ।

सो अवसरमा विष्णुपुर गाउँपालिकाका अध्यक्ष लिलाम्बर यादव तथा काँग्रेसका स्थानिय नेता परमानन्द यादव, बिरेन्द्र ठाकुर, पवन यादव लगायतको पनि उपस्थिति रहेको थियो ।

# प्रअ यादवको सम्झानामा श्रद्धाञ्जली कार्यक्रम

**दैनिक समाचारदाता**
**राजविराज, १० भदौं ।**
सप्तरीको विष्णुपुर गाउँपालिकाले शिक्षा शाखा संयोजक सूर्यनारायण यादवको चौथो दिनको पुण्यतिथिमा श्रद्धाञ्जली कार्यक्रम गरेको छ ।

सो गाउँपालिकाको खुरहुरियास्थित जनता माध्यमिक विद्यालयको प्रधानाध्यापक समेत रहेका शिक्षा शाखा संयोजक यादवको चार दिन अघि हृदयघातका कारण ५५ वर्षको उमेरमा निधन भएको थियो ।




जिल्लाको रुपनी गाउँपालिका ४ छपकी निवासी यादव नेपाली काँग्रेसका भातृसंगठन नेपाल शिक्षक संघका आजिवन सदस्य समेत थिए ।

गाउँपालिका अध्यक्ष लिलाम्बर यादवको अध्यक्षतामा आयोजित श्रद्धाञ्जली कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रणजीतजंग अधिकारी अधिकृत शुभाषकुमार मण्डल, वर्डा अध्यक्षहरु, सदस्यहरुसहित कर्मचारी, विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, शिक्षिकाले श्रद्धाञ्जली दिदै उनको निधनले शिक्षा क्षेत्रमा अपूरणीय क्षति भएको बताए ।

# काँग्रेसद्वारा उपाध्याय र यादवप्रति सम्वेदना व्यक्त

**दैनिक समाचारदाता**
**राजविराज, १० भदौं ।**
नेपाली काँग्रेस सप्तरीले एक शोक विज्ञप्ति जारि हालै निधन भएका काँग्रेसका क्षेत्रिय प्रतिनिधि मुरारी प्रसाद उपाध्याय र शिक्षक संघका पूर्व सदस्य सूर्यनारायण यादवप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति सम्वेदना प्रकट गरेको छ ।

उपाध्यायको कोरोनाका कारण तथा यादवको हृदयघात भई केही दिनअघि निधन भएको थियो । जिल्ला कार्यसमितिका प्रवक्ता प्रभात कुमार ललनद्वारा जारि विज्ञप्तिमा काँग्रेसका दुई निष्ठावान व्यक्तिको असमायिक निधनले पार्टीलाई अपूर्णीय क्षति भएको उल्लेख गरिएको छ ।

---

***प्रदेश नं २ मा ...***

हजार ४३९ जना उपचार गराइ निको भएर घर फर्केका छन् । यस प्रदेशका १९६ क्वारेन्टिनमा ८८१ जना छन् भने होम क्वारेन्टिनमा दुई हजार ५८८, आइसोलेशनमा एक हजार १२० र होम आइसोलेशनमा तीन हजार ८०४ जना रहेको समाजिक विकास मन्त्रालयले जनाएको छ ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं ।**

**समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाका संवेदनशीलतालाई ध्यान दिऔं ।।**

**पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं ।।**

पत्रकार तथा सञ्चारमाध्यमले हिंसा, र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सावर्जनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

अनुरोधकर्ता – **मुक्ति चौधरी**
**प्रमुख**
**सुरुङ्गा नगरपालिका, सप्तरी**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS MONEY TRANSFER (Money Transfer Made Easy), Best Remit (Quick & Easy), PRABHU Money Transfer (प्रभुको इच्छा, रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम), IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*